# बरेङ गाउँपालिकाको आर्थिक ऐन, २०७५

गाउँसभाबाट स्वीकृत मिति : –२०७५।०३।२९

बरेङ गाउँपालिका

**बरेङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७५**

**प्रस्तावनाः** बरेङ गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बरेङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि बरेङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकापालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूचि –१
## सम्पत्ति कर

यस गाउँपालिका क्षेत्र भित्र वनेका पक्की, कच्ची र झुपडी घरको देहाय बमोजिम सम्पत्ति कर लिईनेछ ।

| क्र.स. | घरको विवरण | न्यूनतम शूल्क रु | प्रति थप तल्ला रु |
|---|---|---|---|
| १ | सिमेन्ट जडित पक्की घर | ५००। | १००। |
| २ | ढुंगा वा टिनको छानो भएको कच्ची घर | २००। | |
| ३ | खरको छानो भएको घर | ५०। | – |

## अनुसूचि –२
## भूमि कर (मालपोत)

| क्र.स. | जग्गाको विवरण | न्यूनतम शूल्क रु | प्रति थप रोपनी रु |
|---|---|---|---|
| १ | अव्वल | २०। | १०। |
| २ | दोयम | २०। | ५। |
| ३ | सिम | २०। | ३। |
| ४ | चाहार | २०। | २। |

## अनुसूचि –३
## घर वहाल कर

१. गाउँपालिका क्षेत्रभित्रको घर,पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा सम्वन्धित धनीबाट वहाल सम्झौता रकमको ११ प्रतिशत ।

२. आफ्नो क्षेत्रभित्र आफुले निर्माण गरेको वा सञ्चालन गरेको हाटबजार वा ऐलानी जग्गा वा बाटोको छेउछाउमा अस्थायी पसल थाप्न दिएमा न्यनतम शुल्क रु १०००। र १०० बर्गफिट भन्दा वढी क्षेत्रफल ओगटेमा थप प्रति वर्गफिट रु १०।

## अनुसूचि –४
## व्यवसाय कर

| क्र.सं. | शीर्षक/विवरण | पारित रकम रु | कैफियत |
|---|---|---|---|
| 1 | **सुर्तिजन्य तथा मधिराजन्य, ज्वलरी** | | |
| 1.1 | १० लाख सम्मको | २५००।०० | |
| 1.2 | १० लाख देखी २५ लाख सम्मको | ३०००।०० | |
| 1.3 | २५ लाख भन्दा माथि | ३५००।०० | |
| 2 | **मेसिनरी औजार (कम्प्युटर, टेलिभिजन, मोवाइल, क्यामेरा आदी ) तथा विद्युत सामाग्रीजन्य** | | |
| 2.1 | १० लाख सम्मको | १५००।०० | |
| 2.2 | १० लाख देखी २५ लाख सम्मको | २०००।०० | |
| 2.3 | २५ लाख भन्दा माथी | २५००।०० | |
| 3 | **हार्डवेयर सामाग्री, रङरोगन, मोटरसाइकल, साइकल, पार्टल, मोविल र ग्रिज आदी** | | |
| 3.1 | १० लाख सम्मको | १५००।०० | |
| 3.2 | १० लाख देखी २५ लाख सम्मको | २०००।०० | |
| 3.3 | २५ लाख भन्दा माथि | २०००।०० | |
| 4 | **दैनिक खाद्य पदार्थ, मिठाई, दहिदुध, कृषि सामाग्री, मल विउ पशुपक्षी आहार, फलफुल तथा तरकारी आदी** | | |
| 4.1 | १ लाख सम्मको | ५००।०० | |
| 4.2 | १ - १० लाख सम्मको | १०००।०० | |
| 4.3 | १० लाख देखी २५ लाख सम्मको | १५००।०० | |
| 4.4 | २५ लाख भन्दा माथी | २०००।०० | |
| 5 | **फर्निचर्स, कार्पेट, कपडा, फेन्सी, उपहार सामाग्री, कोल्डड्रिन्कस्, भाडाकुडा, फोटो स्टुडियो, जुत्ता, कलर ल्याव, छापाखाना, प्रेश, स्क्रीन प्रिन्टिड, बुटिक** | | |
| 5.1 | १० लाख सम्मको | १५००।०० | |
| 5.2 | १० लाख देखी २५ लाख सम्मको | २०००।०० | |

| | | | |
|---|---|---|---|
| 5.3 | २५ लाख भन्दा माथी | २५००।०० | |
| **6** | **स्टेशनरी सामाग्री** | | |
| 6.1 | ५ लाख सम्मको | १०००।०० | |
| 6.2 | ५ लाख देखी २० लाख सम्मको | १५००।०० | |
| 6.3 | २० लाख भन्दा माथी | २०००।०० | |
| **7** | **स्वास्थ्य सेवा** | | |
| 7.1 | औषधी थोक विक्रेता | १५००।०० | |
| 7.2 | औषधी खुद्रा विक्रेता | १०००।०० | |
| 7.3 | ल्याव, एक्सरे क्लिनिक, प्रयोगशाला | १०००।०० | |
| 7.4 | सर्जिकल सामान विक्रेता | १०००।०० | |
| 7.5 | डाक्टर | २०००।०० | |
| 7.6 | पशु डाक्टर, फार्मेशी, एच.ए., सिएमए | १०००।०० | |
| 7.7 | कविराज, होमियोपेथिक,अहेव, पशुसहायक | १०००।०० | |
| 7.8 | निजी अस्पताल | ५०००।०० | |
| 7.9 | सामुदायिक अस्पताल | २५००।०० | |
| 8 | **परामर्श, अनुसन्धान, सर्वेयर, अनुवादक,यातायात** | | |
| 8.1 | ५ लाख सम्मको | १०००।०० | |
| 8.2 | ५ लाख देखी २० लाख सम्मको | १५००।०० | |
| 8.3 | २० लाख भन्दा माथि | २०००।०० | |
| **9** | **केवल नेटवर्क/डिस्क होम** | | |
| 9.1 | ३०० सय सम्म ग्राहक भएको | २०००।०० | |
| 9.2 | ५०० सम्म ग्राहक भएको | ३०००।०० | |
| 9.3 | ५०० देखी १००० सम्म ग्राहक भएको | ५०००।०० | |
| 9.4 | १००० भन्दा माथी | १००००।०० | |
| **10** | **निर्माण व्यवसाय** | | |

| | | | |
|---|---|---|---|
| 10.1 | क वर्गको | १००००।०० | |
| 10.2 | ख वर्गको | ७०००।०० | |
| 10.3 | ग वर्गको | ५०००।०० | |
| 10.4 | घ वर्गको | ३०००।०० | |
| **11** | **कानून व्यवसायी** | | |
| 11.1 | वरिष्ठ अधिवक्ता | ५०००।०० | |
| 11.2 | अधिवक्ता | ३०००।०० | |
| 11.3 | अभिवक्ता | २०००।०० | |
| 11.4 | अभिकर्ता | १०००।०० | |
| 12 | **लेखा परिक्षक** | | |
| 12.1 | क वर्ग | ५०००।०० | |
| 12.2 | ख वर्ग | ३०००।०० | |
| 12.3 | ग वर्ग | २०००।०० | |
| 12.4 | घ वर्ग | १०००।०० | |
| **13** | **अन्य फर्म** | | |
| 13.1 | विमा एजेन्ट | १५००।०० | |
| 13.2 | विज्ञापन एजेन्सी | २०००।०० | |
| 13.3 | सेयर दलाल | २५००।०० | |
| 13.4 | कानूनी फर्म | ३०००।०० | |
| **14** | **सञ्चार सेवा** | | सामुदायिक क्षेत्रका हकमा ५० प्रतिशत छुटको व्यवस्था । |
| 14.1 | निजी क्षेत्रको एफ.एम. रेडियो | ३०००।०० | |
| 14.2 | निजी क्षेत्रको टेलिभिजन | ५०००।०० | |
| 14.3 | निजी क्षेत्रको टेलिफोन, फ्याक्स, फोटोकपी, कुरियर, | १०००।०० | |
| 14.4 | इन्टरनेट, कम्प्युटर सेवा आदी | १०००।०० | |
| 15 | **वित्तिय सेवा (नेपाल सरकारको स्वामित्वमा रहेका बाहेकश)** | | |

| | | | |
|---|---|---|---|
| 15.1 | नेपाल सरकारको स्वामित्व बाहेकका वाणिज्य बैंक | २००००।०० | सेवा केन्द्रलाई ५० प्रतिशत मात्र कर लागु हुने |
| 15.2 | विकास बैंक | १५०००।०० | |
| 15.3 | वित्तिय  तथा लघु वित्त कम्पनी | १००००।०० | |
| 15.4 | विदेशी मुद्रा सटही, धितोपत्र | ७०००।०० | |
| 15.5 | मनि ट्रान्सफर | ७०००।०० | |
| 15.6 | सहकारी बैंक | ३०००।०० | |
| 16 | **शिक्षा सेवा** | | |
| 16.1 | १०+२ सञ्चालन भएको निजी विद्यालय | ५०००।०० | |
| 16.2 | १० कक्षा सम्म सञ्चालन भएको निजी विद्यालय | ३०००।०० | |
| 16.3 | ५ कक्षा सम्म सञ्चालन भएको निजी विद्यालय | १५००।०० | |
| 16.4 | निजी क्याम्पस | ५०००।०० | |
| 16.5 | सामुदायिक क्याम्पस | २५००।०० | |
| 16.6 | तालिम तथा अनुसन्धान कम्प्युटर ईष्टिचुट, भाषा प्रशिक्षण, कोचिङ तथा ट्युशन सेन्टर | २५००।०० | |
| **17** | **पर्यटन सेवा** | | |
| 17.1 | स - साना चिया, खाजा तथा खाना पसल | ५००।०० | |
| 17.2 | होटल /लज | १५००।०० | |
| 17.3 | ठुला होटल/रेष्टुरेन्ट एण्ड बार | ३०००।०० | |
| **18** | **कृषि तथा बन जन्य उद्योग** | | |
| 18.1 | सेलम सहितको कुटानी पिसानी सहितको तेल पेल्ने मिल | १५००।०० | |
| 18.2 | Triple Phase को कुटानी पिसानी मिल | १०००।०० | |
| 18.3 | Single Phase को कुटानी पिसानी मिल | ५००।०० | |
| 18.4 | फर्निचर उद्योग | ३०००।०० | |
| 18.5 | पशु दाना उद्योग | २०००।०० | |
| 18.6 | पोल्ट्री फर्म उच्च (५०० भन्दा बढीको संख्यामा) | २५००।०० | |
| 18.7 | पोल्ट्री फर्म सानो | १५००।०० | |

| | | | |
|---|---|---|---|
| 18.8 | बंगुर पालन | १५००।०० | |
| 18.9 | भैसी पालन व्यवसाय | १५००।०० | |
| 18.1 | गाई पालन व्यवसाय | १५००।०० | |
| 18.11 | वाखा पालन व्यवसाय | १५००।०० | |
| 19 | **खनिज उद्योग** | १०००।०० | |
| **20** | **मर्मत केन्द्र** | | |
| 20.1 | बस, ट्रक, जिप जस्ता ठुला सवारी साधन | ३०००।०० | |
| 20.2 | मोटरसाइकल, साइकल | १५००।०० | |
| 20.3 | रेडियो, टेलिभिजन, घडी आदी | १०००।०० | |
| 20.4 | प्रेसर कुकर, हिटर, टेलिफोन, सिलाइमेसिन आदी | ८००।०० | |
| **21** | **घरेलु उद्योग** | | |
| 21.1 | डाला, नाङ्ला, मादल, माटाका भाडा | ५००।०० | |
| 21.2 | जडिवुटी संकलन/प्रसोधन | ६००।०० | |
| **22** | **भेन टुर व्यवसाय** | | |
| 22.1 | मदिरा तथा सुर्तिजन्य वस्तुहरु | १०००।०० | |
| 22.2 | अन्य वस्तुहरु | ५००।०० | |
| 23 | घुम्ती व्यापारीहरुलाई अनुमति शुल्क बापत रु २००। र एक मकिना भन्दा वदी बसेमा प्रति महिना थप रु १००। का दरले शुल्क लाग्नेछ। | | |
| 1 | माथी उल्लेखित किसिम, उपरोक्त शिर्षकमा नपरेका व्यवसाय र उद्योग दर्ता हुन आएमा व्यवसाय र उद्योगको किसिम हेरी माथीको कर दरवन्दीमा नघटने गरी वार्षिक कर लिई व्यवसाय प्रमाणपत्र दिईनेछ। | | |
| 2 | पहिलो पटक पसल व्यवसाय, उद्योग दर्ता गर्दा प्रमाणपत्र बापतको शुल्क रु २००। लिइनेछ। | | |
| 3 | कार्यालयबाट निरिक्षणमा जांदा पसल व्यवसाय र उद्योग दर्ता नगरी चलाएको पाइएमा आवश्यक कारवाही गरिनेछ। | | |

## अनुसूचि –५
## जडिबुटी, कवाडी र जीवजन्तु कर

१. जडिबुटी प्रति केजी रु २५।

२. प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीव जन्तुको हाड, सिंग, प्वाख, छालामा प्रति केजी रु ५।

३. कवाडीमा न्यूनतम रु २५०००। मा वढीवढाउ ।

## अनुसूचि –६
## सवारी साधन कर

सवारी कर प्रदेश कानून बमोजिम हुनेछ । प्रदेश कानूनले उल्लेख नगरेको विषयमा निम्न बमोजिम हुनेछ ।

१. पटके सवारी कर

| क्र.स. | सवारी साधन विवरण | स्वदेशी रु | विदेशी रु |
|---|---|---|---|
| १ | ६ चक्के वस, ट्रक, लरी | १००। | ३००। |
| २ | जिप, भेन, पिकअप, कार, ट्याक्सी आदी | ५०। | २००। |
| ३ | जेसिवी टायर भएको | ५००। | १०००। |
| ४ | डोजर,स्क्याभेटर )(चेन भएको) | १०००। | २०००। |

२. बार्षिक सवारी कर

गाउँपालिका क्षेत्रभित्र ठेगाना रहेका सम्पूर्ण सवारी साधनहरुले देहाय बमोजिमको बार्षिक सवारी कर बुझाउनु पर्नेछ ।

| क्र.स. | सवारी साधन विवरण | बार्षिक दर रु |
|---|---|---|
| १ | ६ चक्के वस, ट्रक, लरी | ३०००। |
| २ | जिप, भेन, पिकअप, कार, ट्याक्सी आदी | १५००। |
| ३ | जेसिवी टायर भएको | ८०००। |
| ४ | डोजर,स्क्याभेटर (चेन भएको) | १५०००। |
| ५ | माइक्रो, मिनीवस, मिनी ट्रक, ट्याक्टर | २५००। |
| ६ | मोटरसाइकल, स्कुटर | ५००। |

## अनुसूचि –७
## विज्ञापन कर

| क्र.स. | विवरण | पारित दर प्रति वर्ग फिट रु | |
|---|---|---|---|
| | | निजी स्थल | सार्वजनिक स्थल |
| १ | होर्डिङ वोर्ड | – | २०। |
| २ | फ्लेक्स | – | १०। |
| ३ | भित्ते लेखन | ५। | १०। |

व्यापारिक व्यानर प्रति हप्ता रु १००।

गाडीबाट माईकिङ गरि व्यापारिक प्रचार प्रसार प्रतिदिन रु १००।

मदिरा तथा सूर्तिजन्य पदार्थको विज्ञापनलाई निषेध गरिएको छ ।

राजनैतिक, धार्मिक र सामाजिक व्यानर २ हप्ता सम्म निशुल्क राख्न दिईनेछ ।

## अनुसूचि –८
## मनोरन्जन कर

गाउँपालिका क्षेत्रभित्र जुनसुकै प्रकारको मनोरन्जन क्रियाकलाप सञ्चालन गर्दा टिकट शुल्कको २ प्रतिशत रकम गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

## अनुसूचि –९
## बहाल विरौटी कर

प्रति संरचना रु १००।

## अनुसूचि –१०
## पार्किङ शुल्क

गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाले तोकेको पार्किङ स्थलमा पार्किङ गर्दा प्रति सवारी साधन प्रत्येक पटकको रु २०। का दरले पार्किङ शुल्क लिईनेछ ।

## अनुसूचि –११
## ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बञ्जी जम्पिङ, जिपफ्लायर र र्‍याफ्टिङ शुल्क

गाउँपालिका भित्र संचालन हुने ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बञ्जी जम्पिङ, जिपफ्लायर र र्‍याफ्टिङ व्यवसाय गरेमा बार्षिक रु ५०००। गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

# अनुसूचि १२
## सेवा शुल्क दस्तुर

| क्र.सं. | विवरण/शीर्षक | दस्तुर रु | कैफियत |
|---|---|---|---|
| १ | वंशजको आधारमा नागरिकता  सिफारिस | १००।०० | |
| २ | वैवाहिक अंगिकृत नागरिकता सिफारिस | ५००।०० | |
| ३ | नागरिकताको प्रतिलिपी सिफारिस | २००।०० | |
| ४ | नागरिकता संशोधनको सिफारिस | २००।०० | |
| ५ | नाता प्रमाणित | ३००।०० | |
| ६ | स्थायी वा अस्थायी बसोबास सम्बन्धी सिफारिस | १००।०० | |
| ७ | नामथर, जन्म मिति संशोधन सिफारिस | ५००।०० | |
| ८ | घटना दर्ता ३५ दिन नाघेर (सम्बन्ध बिच्छेद  ) | ५००।०० | |
| ९ | घटना दर्ता ३५ दिन नाघेर (बसाइसराई प्रमाणपत्र) | ५००।०० | |
| ९ | घटना दर्ता ३५ दिन नाघेर (अन्य ) | २००।०० | |
| १० | व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र शुल्क नलाग्ने, अंगेजी भाषामा | २००।०० | |
| ११ | अंशवण्डा /एकाघरको घर जग्गा नामसारीको सिफारिस | २००।०० | |
| १२ | पेन्सन कार्ड वा सो सम्बन्धी सिफारिस नेपालको हकमा | २००।०० | |
| १३ | पेन्सन कार्ड वा सो सम्बन्धी सिफारिस बिदेशको हकमा | ५००।०० | |
| १४ | मोही लगत कट्टा  सम्बन्धी सिफारिस | २००।०० | |
| १५ | छात्रवृत्रि सिफारिस | १००।०० | |
| १६ | हकवाला संरक्षण सिफारिस | १००।०० | |
| १७ | व्यवसाय दर्ता प्रमाणपत्र दस्तुर | १५०।०० | |
| १८ | व्यवसाय दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | २००।०० | |
| १९ | व्यवसाय दर्ताको लगत कट्टा सिफारिस | १००।०० | |
| २० | व्यवसाय दर्ता सिफारिस | १००।०० | |
| २१ | घर नक्सा नामसारी सिफारिस | ५००।०० | |
| २२ | घर निर्माण सम्पन्न सिफारिस (आरसिसि) | ५००।०० | |
| २३ | घर निर्माण सम्पन्न सिफारिस (कच्ची) | १००।०० | |
| २४ | नीजि क्षेत्रका रुख कटान सिफारिस | १००।०० | |

| | | | |
|---|---|---|---|
| २५ | मुद्दा दर्ता दस्तुर | २००।०० | |
| २६ | मिलापत्र दस्तुर | ३००।०० | |
| २७ | नाबालक सिफारिस | १००।०० | |
| २८ | घटना दर्ता सिफारिस | २००।०० | |
| २९ | थर प्रमाणित सिफारिस | १००।०० | |
| ३० | गाउँपालिका र वडा स्तरीय संघ सस्था दर्ता सिफारिस | २००।०० | |
| ३१ | जिल्ला स्तरीय संघ सस्था दर्ता सिफारिस | ५००।०० | |
| ३२ | अर्न्तराष्ट्रिय गैर सरकारी संघ सस्था दर्ता सिफारिस | १०००।०० | |
| ३३ | बिद्युत लाइन जडान सिफारिस | २००।०० | |
| ३४ | खानेपानी तथा टेलिफोन लाइन जडान सिफारिस | २००।०० | |
| ३५ | प्रदुषण फैलाउने खालका ठूला उद्योग दर्ता सिफारिस | ५०००।०० | |
| ३६ | मझौला उद्योग दर्ता सिफारिस | २०००।०० | |
| ३७ | साना घरेलु उद्योग दर्ता सिफारिस | ५००।०० | |
| ३८ | कक्षा १- ५ सम्मको बिद्यालय सञ्चालन अनुमती सम्बन्धी सिफारिस | १५००।०० | |
| ३९ | कक्षा १- ८ सम्मको बिद्यालय सञ्चालन अनुमती सम्बन्धी सिफारिस | २०००।०० | |
| ४० | कक्षा १- १० सम्मको बिद्यालय सञ्चालन अनुमती सम्बन्धी सिफारिस | २५००।०० | |
| ४१ | कक्षा १- १२ सम्मको बिद्यालय सञ्चालन अनुमती सम्बन्धी सिफारिस | ३०००।०० | |
| ४२ | स्नातक तह सम्मको बिद्यालय सञ्चालन अनुमती सम्बन्धी सिफारिस | १००००।०० | |
| ४३ | निजी बिद्यालय स्तर बृद्धी सिफारिस | १५००।०० | |
| ४४ | बैदेशिक प्रयोजनका लागि अंग्रेजी भाषामा गरिने सवै प्रकारका सिफारिस | ५००।०० | |
| ४५ | नक्सा पास भएका घर निर्माण गर्न काठको सिफारिस | ५००।०० | |
| ४६ | बैंक तथा अन्य प्रयोजनका लागि घर बाटो सिफारिस | ५००।०० | |
| ४७ | जग्गाको चार किल्ला प्रमाणित (१ रोपनी सम्मको) | २००।०० | |
| ४८ | जग्गाको चार किल्ला प्रमाणित (१-५ रोपनी सम्मको) | ३००।०० | |
| ४९ | जग्गाको चार किल्ला प्रमाणित ५ रोपनी भन्दा माथिको | ५००।०० | |
| ५० | छुट जग्गा दर्ता सिफारिस प्रति रोपनी | ५००।०० | |
| ५१ | घर नक्सा सम्बन्धी निवेदन फाराम दस्तुर (कच्ची) | ५००।०० | |
| ५२ | घर नक्सा सम्बन्धी निवेदन फाराम दस्तुर (पक्की) | १०००।०० | |
| ५३ | घर नक्सा सिमेन्टको पक्की प्रति वर्ग फिट दस्तुर | ३।०० | |

| | | | |
|---|---|---|---|
| ५४ | घर नक्सा कच्ची ढुंगा माटाको प्रति वर्ग फिट | १।०० | |
| ५५ | घर नक्शा सम्बन्धी प्रतिलिपी | ३००।०० | |
| ५६ | घर निर्माण इजाजतको प्रतिलिपी | ५००।०० | |
| ५७ | घर निर्माण कार्य सम्पन्न प्रमाणपत्रको प्रतिलिपी | २००।०० | |
| ५८ | ले आउट चार्ज  दस्तुर | ३००।०० | |
| ५९ | घर नक्शा संशोधन जरिवाना | १० प्रतिशत | थप |
| ६० | म्याद थप दस्तुर (म्याद भित्र) | ५ प्रतिशत थप | |
| ६१ | म्याद थप दस्तुर (म्याद बाहिर) | २० प्रतिशत | |
| ६२ | घरको अवस्था प्रमाणित | ३००।०० | |
| ६३ | कोर्ट फि मिनाहा दस्तुर | १००।०० | |
| ६४ | सम्पति मुल्यांकन (नेपाली भाषामा) | सम्पत्तिको ०.२ प्रतिशत | |
| ६५ | सम्पति मुल्यांकन (अंग्रेजी  भाषामा) | कुल सम्पत्तिको ०।५ प्रतिशत | |
| ६६ | आर्थिक अवस्था सम्पन्न भएको सिफारिस | ३००।०० | |
| ६७ | जीवीत वा मृत भएको व्यहोराको सिफारिस | १००।०० | |
| ६८ | व्यवसाय बन्द वा सञ्चालन नभएको सिफारिस | १००।०० | |
| ६८ | उद्योग/बिद्यालय/संघ सस्थाको ठाउँ सार्री सिफारिस | ५००।०० | |
| ६९ | अन्य सिफारिस | १००।०० | |
| ७० | नक्कल प्रमाणित दस्तुर प्रति पाना | १०।०० | |
| ७१ | घ बर्गको लाइृसेन्स नविकरण दस्तुर | १०००। | |
| ७२ | घ बर्गको लाइसेन्स थप जरिवाना दस्तुर | २०००। | |

नोट : फरक क्षमता भएकाहरुको परिचय पत्र सम्बन्धी सिफारिस, विपन्नता भएको सिफारिस, आर्थिक अवस्था कमजोर भएकाहरुको निशुल्क उपचार सम्बन्धी सिफारिस, र प्राकृतिक प्रकोप सम्बन्धी सिफारिस दस्तुर छुट दिईने छ। माथि उल्लेखित दस्तुरमा सामुदायिक संघ सस्थाको हकमा ५० प्रतिशन छुट दिईने छ ।माथी उल्लेखित वाहेक अन्य प्रकारका सिफारिसहरुमा प्रकृति हेरी रु १००। देखी रु ५००। सम्म लिन सकिनेछ।

## अनुसूचि –१३

## पर्यटन शुल्क

धार्मिक पर्यटकिय क्षेत्रहरुमा संचालित संरक्षण समितिहरुले भेटी रकम उठाए बापत बार्षिक रु १०००। का दरले पर्यटन शुल्क बुझाउनु पर्नेछ।